Vangmaya
Vol. 21, No. 1: 105-118, December 2024
Central Department of Nepali, Kirtipur DOI: https://doi.org/10.3126/vangmaya.v21i1.74242

# *एकचिहान* उपन्यासको लैङ्गिक अध्ययन

**सहप्रा. यादवप्रसाद शर्मा**

## लेखसार

*'एकचिहान' उपन्यासको लैङ्गिक अध्ययन शीर्षकको प्रस्तुत अनुसन्धानात्मक लेख उपन्यासकार हृदयचन्द्रसिंह प्रधानद्वारा लिखित एकचिहान उपन्यासको लैङ्गिक अध्ययन तथा विश्लेषणमा केन्द्रित रहेको छ । विश्लेषणका निम्ति आवश्यक सामग्रीको सङ्कलन पुस्तकालयीय स्रोतबाट गरिएको छ भने विश्लेषण पाठविश्लेषण पद्धतिका आधारमा गरिएको छ । एकचिहान उपन्यासमा लैङ्गिक सम्बन्ध विपरीतलिङ्गी पारिवारिक सम्बन्धका साथै सामाजिक सांस्कृतिक सम्बन्धका रूपमा देखापरेको छ । शिवनारानको परिवारमा प्रगतिशील पारिवारिक सत्ता सम्बन्ध र सुब्बा सुरमान तथा डाक्टर गोदत्तप्रसादको परिवारमा पितृसत्तात्मक पारिवारिक सत्ता सम्बन्ध देखा परेको छ । तर अष्टनारानको परिवारमा पनि ऊ जीवित रहुन्जेल उसकै केन्द्रीय भूमिका रहेको र उसको मृत्युपछि शिवनारानको केन्द्रीय भूमिका रहेको तथा परिवारको सबै सामाजिक, आर्थिक तथा सांस्कृतिक क्रियाकलापमा पुरुषकै प्रभुत्व रहेको हुँदा महिलाहरूको अवस्था अधीनस्थ रहेको देखिन्छ । यस उपन्यासमा अन्य नारी पात्रहरूको तुलनामा रञ्जनादेवीको भूमिका बढी सक्रिय तथा महत्त्वपूर्ण रहेको र उसकै भनाइहरूबाट लैङ्गिक समता तथा उदार नारीवादी दृष्टि अभिव्यक्त भएको भए तापनि उसमा पनि विद्रोही चेतनाको अभाव देखिन्छ । उपन्यासमा तत्कालीन पितृसत्तात्मक यौनशोषणको स्वरूपलाई डाक्टर गोदत्तप्रसादको चरित्रका माध्यमबाट व्यञ्जित गरिएको छ भने बलात्कृत भइसकेकी बहिनीलाई बलात्कारीको बन्धनबाट मुक्त गराई बिहे गरिदिएको कुराले शिवनारानको नारीवादी सञ्चेतना देखाउनुका साथै नानीथकुँजस्ता महिलाका पक्षमा आवाज उठाएर नारीको अस्मिता र पहिचानको रक्षा गर्नुपर्ने कुराको आवश्यकतासमेत औँल्याएको छ । उपन्यासमा पुरुषको प्रभुत्वका कारण महिलाहरू अधीनस्थ रहेकाले लैङ्गिक भूमिका असमान रहेको छ ।*

**शब्दकुञ्जी :** अधीनस्थ, अधीनस्थता, पहिचान, प्रभुत्व ।

## १. विषयपरिचय

प्रस्तुत लेख हृदयचन्द्र सिंह प्रधान (वि.सं.१९७२-२०१६)को एकचिहान उपन्यासको लैङ्गिक अध्ययनमा केन्द्रित रहेको छ। नेपाली साहित्यका बहुमुखी स्रष्टा हृदय चन्द्रसिंह प्रधानका *स्वास्नीमान्छे* (२०११), *एकचिहान* (२०१७) गरी दुई उपन्यासहरू प्रकाशित छन् । हृदयचन्द्र सिंह प्रधानको *एकचिहान* पनि नेपाली साहित्यको एउटा औपन्यासिक कृति हो र यसमा समाजको निरीक्षण गर्दै नारीचित्रण, लैङ्गिक चित्रणका साथै निम्नवर्गको दुरवस्था तथा त्यसको कारणको खोजी गरिएको पाइन्छ । लिङ्ग भनेको शरीरको जीववैज्ञानिक विशेषताका आधारमा पुरुष र महिलामा हुने हार्मोन/ग्रन्थिरस, वंशसम्बन्ध र प्रजनन प्रणालीगत भिन्नता हो जसले पुरुष र महिलाको प्राकृतिक भिन्नता तथा यौनिक क्रियाकलापलाई जनाउँछ । परन्तु लैङ्गिक अध्ययन भनेको लिङ्गभन्दा भिन्न अवधारणा हो । लिङ्ग जीववैज्ञानिक विषय हो भने लैङ्गिक अध्ययन अर्थात् नारीत्व र पुरुषत्व सांस्कृतिक विषय हो । लैङ्गिक अध्ययन भनेको समाजको संरचनाका आधारमा

गरिने त्यस समाजका पुरुष र महिलाको भूमिका र व्यवहारको अध्ययन हो । उपन्यासकार हृदयचन्द्र सिंह प्रधानको *एकचिहान* उपन्यासको औपन्यासिक वैशिष्ट्य एवं मूल्यका सन्दर्भमा विभिन्न अध्ययन, अनुसन्धान एवं शोधकार्यहरू भए पनि *एकचिहान* उपन्यासलाई लैङ्गिक चिन्तनमा आधारमा अध्ययन गर्न वाञ्छनीय रहेकाले यस लेखमा *एकचिहान* उपन्यासलाई लैङ्गिक अध्ययनका दृष्टिले विश्लेषण गरिएको छ । लैङ्गिक अध्ययनको परिचय दिँदै *एकचिहान* उपन्यासलाई लैङ्गिक अध्ययनका दृष्टिले विश्लेषण गर्नु नै यस लेखको उद्देश्य रहेको छ ।

## २. अध्ययनविधि

*एकचिहान* उपन्यासको लैङ्गिक अध्ययन शीर्षकको यस लेखका लागि आवश्यक सामग्रीको सङ्कलन पुस्तकालयीय स्रोतबाट गरिएको छ । हृदयचन्द्र सिंह प्रधानको *एकचिहान* उपन्यासबाट प्राप्त सामग्रीलाई प्राथमिक सामग्रीका रूपमा लिइएको छ र उक्त उपन्यासका सम्बन्धमा गरिएका शोध प्रतिवेदनहरू, समालोचनात्मक ग्रन्थ तथा लेखरचनाहरूबाट प्राप्त सामग्रीलाई द्वितीयक सामग्रीका रूपमा लिइएको छ । प्राथमिक तथा द्वितीयक स्रोतहरूबाट प्राप्त तथ्यहरूलाई ज्ञानको स्रोत र तिनीहरूको विश्लेषणबाट प्राप्त निष्कर्षलाई प्राप्तिका रूपमा लिइएको छ । साक्ष्य तथा विश्लेषणका लागि उद्देश्यमूलक नमुना छनोट विधिबाट उपन्यासका अंशहरू छनोट गरी पाठविश्लेषण विधिबाट निष्कर्षमा पुगिएको छ ।

## ३. सैद्धान्तिक आधार

लैङ्गिक अध्ययन पनि सांस्कृतिक अध्ययनका विविध आयामहरूमध्ये एक हो । सांस्कृतिक अध्ययनको विकासमा मार्क्सवाद, संरचनावाद र नारीवादका सिद्धान्तको पनि सहयोग रहेको छ (गौतम, २०६७, पृ. ४४६) । लैङ्गिक अध्ययनमा समाजको संरचनाका आधारमा त्यस समाजका पुरुष र महिलाको भूमिका र व्यवहारको अध्ययन गरिन्छ । लिङ्गका आधारमा कृतिको विश्लेषण र विवेचना गर्ने समालोचनाप्रवृत्ति नयाँ तथा समकालीन हो । लिङ्गका परिप्रेक्ष्यबाट समीक्षा गर्दा विश्लेषण गहन र विस्तृत हुने हुँदा यसलाई निकै महत्त्व दिइएको छ । प्रत्येक कृतिकारले आफ्ना साहित्यिक कृतिमा प्रायः प्रारम्भदेखि समापनसम्म लैङ्गिक दृष्टिले सोचेको हुन्छ । यस कारणले पनि लैङ्गिक सन्दर्भबाट कृतिको अध्ययन गर्नु महत्त्वपूर्ण हुन्छ (शर्मा, २०५५, पृ. ४३२) । यो लैङ्गिक प्रतिनिधित्व र पहिचानसँग सम्बन्धित अन्तर्विषयक अध्ययनको क्षेत्र हो (घर्ती, २०८१, पृ. ८३) । लिङ्ग जीववैज्ञानिक विषय हो भने लैङ्गिक अध्ययन अर्थात् नारीत्व र पुरुषत्व सांस्कृतिक विषय हो । लिङ्ग भनेको शरीरको जीववैज्ञानिक चरित्रका आधारमा पुरुष र महिलामा हुने हार्मोन/ग्रन्थिरस, वंशसम्बन्ध र प्रजनन प्रणालीगत भिन्नता हो जसले पुरुष र महिलाको प्राकृतिक भिन्नता तथा यौनिक क्रियाकलापलाई जनाउँछ । समाजका पुरुष र महिलाको भूमिका र व्यवहारको अध्ययनअन्तर्गत नारीवादी अध्ययन, पुरुष समलिङ्गी अध्ययन, महिला समलिङ्गी अध्ययन, सन्दिग्ध सिद्धान्त आदि पर्दछन् । लैङ्गिक अध्ययनको क्षेत्र अत्यन्त विस्तृत रहेको छ । यो एउटा अन्तर अनुशासनात्मक/अन्तर्विषयक अध्ययन हो । लैङ्गिक अध्ययनले साहित्य, सांस्कृतिक सिद्धान्त, मानवशास्त्र, समाजशास्त्र, मनोविज्ञान जस्ता विषय क्षेत्रमा स्थान पाइसकेको छ । पुरुष समलिङ्गी, महिला समलिङ्गी र अन्य यौन समूहहरू, लैङ्गिक प्रतिनिधित्वका साथै जात, वर्ग र वर्णका आधारमा हुने लैङ्गिक विभाजन आदि यसका अध्ययन क्षेत्रभित्र पर्दछन् (भट्टराई, २०७७ क, पृ. ११८) । लैङ्गिक सन्दर्भको विस्तृति/व्याप्ति व्यापक भएको हुँदा लैङ्गिक अध्ययनको विषयक्षेत्र पनि विविधतापूर्ण रहेको छ ।

### ३.१ लैङ्गिक सम्बन्ध

सामाजिक जीवनका क्षेत्रमा महिला र पुरुषका बिचको विविध किसिमको सम्बन्ध नै लैङ्गिक सम्बन्ध हो । महिला र पुरुषको भूमिकाका आधारमा लैङ्गिक सम्बन्ध पनि भिन्न भिन्न किसिमको हुन्छ । लैङ्गिक सम्बन्धलाई व्यक्त गर्ने एउटा स्थल विवाह संस्था हो जसले वैवाहिक जोडीलाई जीवन सञ्चालनको अधिकार तथा जिम्मेवारी प्रदान गरेको हुन्छ । विवाहले वैवाहिक जोडीलाई यौनसम्बन्ध राख्ने, सन्तान जन्माउने, संवेगात्मक व्यवहार आदानप्रदान गर्ने, आर्थिक स्रोतमा अधिकार प्रदान गर्नेजस्ता कार्यहरू गरेको हुन्छ । यसो भए तापनि परम्परागत पितृसत्तात्मक लैङ्गिक विभेदले वैवाहिक जोडीको सम्बन्धलाई पनि अधीन र अधीनस्थता, दमक र दमित, उत्पीडक र उत्पीडितका स्तरमा पुऱ्याइदिएको पाइन्छ (भट्टराई, २०७७ क, पृ. १३९) । वैवाहिक सम्बन्धमा रहेका विभेदजन्य व्यवहारको अन्त्य गरेर मात्र पति-पत्नीगत वैवाहिक सम्बन्धमा वास्तवमा समानता स्थापित गर्न सकिन्छ । लैङ्गिक सम्बन्धलाई व्यक्त गर्ने अर्को स्थल परिवार हो । मूलतः परिवारमा नै नारी-पुरुषका सामाजिक संरचनात्मक भेदहरू प्रकट हुन्छन् र परिवार नै लैङ्गिक दमनको केन्द्र पनि हो । परिवारमा नै महिलाका पत्नी, आमा, छोरी, बुहारी, भाउजु, दिदी, बहिनी प्रभृति भूमिका प्रकट हुन्छन् र महिलाको अधीनस्थ भूमिकाको मुख्य केन्द्र पनि परिवार नै हो (भट्टराई, २०७७ क, पृ. १३९) । परिवारबाट नै महिलाहरू शारीरिक तथा मानसिक रूपमा उत्पीडित हुने भएकाले पारिवारिक शोषणबाट महिलामुक्ति अपरिहार्य देखिन्छ । परिवारको विस्तारित रूप मानिने नाता-सम्बन्धबाट पनि लैङ्गिक सम्बन्ध व्यक्त हुन्छ । परिवारका सदस्यहरूको सङ्ख्या कम हुने र नाता-सम्बन्धको जालो विस्तृत हुने हुँदा नाता-सम्बन्ध सामाजिक अन्तर्क्रियाको प्रमुख स्थल पनि हो । परम्परागत समाजमा नाता-सम्बन्ध पनि लैङ्गिक दमनको माध्यम बनेको पाइन्छ । जाति व्यवस्थाले पनि लैङ्गिक सम्बन्धलाई प्रभावित गर्दछ । नेपाली समाजमा बाहुन-क्षेत्री र जनजातीय सम्बन्धमा नारीप्रतिको दृष्टिकोण र स्तरण फरक किसिमको छ (भट्टराई, २०७७ क, पृ. १३९) । अन्तर्जातीय विवाहका सन्दर्भमा पनि महिलाले भोग्नुपरेको हिंसा जातीय सम्बन्धकै रूप हो ।

लैङ्गिक सम्बन्ध पति-पत्नी, परिवार, नाता-सम्बन्ध, कार्यस्थलगायत सबै क्षेत्रमा सौहार्दपूर्ण तथा आपसी सहयोगमा आधारित हुनुपर्नेमा लैङ्गिक विभेदका कारण शत्रुतापूर्ण द्वन्द्वयुक्त बनेको देखिन्छ । भिन्न लिङ्गहरूमा सत्ता वा शक्तिको वितरणका आधारमा लैङ्गिक सम्बन्ध आधारित हुन्छ । भिन्न भिन्न सामाजिक संरचनामा लैङ्गिक सम्बन्ध पनि भिन्न भिन्न रूपमा परिभाषित हुनसक्छ र समाजको मूल्य-मान्यता परिवर्तनसँगै यसमा पनि परिवर्तन आउनसक्छ ।

### ३.२ नारीवाद

लैङ्गिक अध्ययन भनेको लिङ्गको प्राकृतिक पक्षलाई अस्वीकार गरी पुरुष र महिलाको भूमिका तथा व्यवहारको अध्ययन गर्ने परिपाटी हो । यसमा नारीवादको महत्त्वपूर्ण भूमिका रहेको छ । नारीवादको विकासका लागि केही नारीवादीहरूले उत्तरसंरचनावादका विसङ्घटक डेरिडा र संरचनावादी तथा उत्तरसंरचनावादी लाकनबाट प्रभाव ग्रहण गरेका छन् भने केहीले मार्क्सवादसित पनि तालमेल गरेका छन् (गौतम, २०६४, पृ. ११७) । लैङ्गिक अध्ययनको प्रादुर्भाव नारीवादी समालोचनाबाटै भएको हो । नारीवादले पुरुषद्वारा सिर्जित साहित्यमा नारीको भूमिकाको खोजी गर्नुका साथै त्यसमा नारीले आफ्ना विचार र अनुभवहरू कसरी प्रस्तुत गरेका छन् भन्ने जस्ता कुराहरूको अध्ययन गर्दछ (गौतम, २०५०, पृ. ४१०) । पुरुष लेखकले सिर्जना गरेको सांस्कृतिक संरचनाभित्र महिलाको आत्मान्वेषण गर्दै सिमोन द बुभायरले *द सेकेन्ड सेक्स* (१९४९) प्रकाशित गराएपछि नारीवादी आन्दोलनले सबल सैद्धान्तिक आधार प्राप्त गरेको देखिन्छ परन्तु यस आन्दोलनको विधिवत् प्रारम्भ भने अमेरिकी नारीवादी लेखक केट मिलेटको *सेक्सुअल पोलिटिक्स*

(१९६६) को प्रकाशन पश्चात् भएको मानिन्छ (बराल, २०५६, पृ. ८९) । सामान्यतः नारीवादले नारीत्व र पुरुषत्वको निर्माणको कारक संस्कृतिलाई मानेर लैङ्गिक अध्ययनको आधारका रूपमा संस्कृतिलाई लिन्छ भने उग्रनारीवादीहरूको मूल ध्येय यौन उत्पीडनका विरुद्ध सङ्घर्ष गर्नु रहेको देखिन्छ (त्रिपाठी, २०६७, पृ. १२) । दमक र दमित अवस्थाको सिर्जना हुनुको कारण पितृसत्ता नै भएकाले लैङ्गिक आन्दोलन नारीपक्षीय हुनु वा लैङ्गिक आन्दोलनले नारीवादी आधार ग्रहण गर्नु स्वाभाविक नै हो । लैङ्गिक अध्ययन मुख्य रूपमा महिला अध्ययन भए पनि व्यावहारिक यथार्थमा यो नारी-पुरुष अध्ययन हो । यसको परिणामस्वरूप लैङ्गिक अध्ययन महिलाको अध्ययन मात्र नभएर पुरुषको अध्ययनको विषय पनि बनेको छ । पुरुषका बारेको यो अध्ययन पितृसत्ताका कोणको अध्ययन नभएर पुरुषको अवस्थाको अध्ययन भएकाले पछिल्लो चरणमा नारीवादीहरूले पनि पुरुष आन्दोलन तथा पुरुष अध्ययनप्रति सकारात्मक दृष्टिकोणको विकास गरेका छन् (भट्टराई, २०७७ क, पृ. १२२) । वास्तवमा पुरुष आन्दोलन तथा पुरुष अध्ययन नारी विरोधी आन्दोलन नभई पुरुष र नारी दुवैमा रहने गरेका पितृसत्तावादी प्रवृत्तिको विरोध हो । पुरुष अध्ययनको यस किसिमको चरित्रका कारण पुरुष आन्दोलन र महिला आन्दोलनका बिचको द्वन्द्व पनि कम भएको छ भने नारी अध्ययनमा समेत पुरुष अध्ययनको विश्लेषण हुन थालेको छ ।

## ३.३ पितृसत्ता

लैङ्गिक अध्ययनमा पितृसत्ताको अवधारणाको पनि अध्ययन गरिन्छ । यस दृष्टिले हेर्दा पितृसत्तामा सामाजिक अभ्यासका संस्थाहरू तथा सांस्कृतिक बिम्बहरूका कारण महिलाहरूमाथि पुरुषको प्रभुत्व रहेको हुन्छ । वास्तवमा पितृसत्ता पुरुषले सत्ता लिने सामाजिक प्रणाली हो जसमा परम्परा, मूल्य र मान्यताको निर्माण त्यही किसिमले गरिएको हुन्छ । पितृसत्ताको परम्परागत लैङ्गिक भूमिका विभेदयुक्त, अश्वस्थ तथा अनैतिक हुन्छ, परन्तु पितृसत्तात्मक पुरुष र महिला दुवैले परम्रागत विश्वास र भूमिकालाई स्वीकार गरेका हुन्छन् (भट्टराई, २०७७ क, पृ. १२२) । पितृसत्तामा महिला र पुरुष दुवैथरी परम्परागत सामाजिक र सांस्कृतिक भूमिकाको पालनमा अभ्यस्त भएका हुन्छन् ।

## ३.४ यौनिकता

लैङ्गिक अध्ययनअन्तर्गत समाविष्ट हुने अर्को महत्त्वपूर्ण विषय यौनिकता हो । यौनिकता शब्द अङ्ग्रेजी भाषाको 'सेक्सुआलिटी' शब्दको नेपाली रूपान्तरण हो र यसको अर्थ यौनसम्बन्धी व्यवहार यौनको गतिविधि हो (घर्ती, २०८१, पृ. ८५) । यौनिकताका सम्बन्धमा विद्वान्हरूका बिचमा एउटै मत पाइँदैन । कतिपयले विषमलिङ्गी, समलिङ्गी, द्वैतलिङ्गी, परिवर्तित लिङ्गी, परिवर्तित यौनिकताजस्ता विषयहरूको पहिचानका लागि प्रयोग गरिने शब्दका रूपमा लिएका छन् भने कतिपयले कामेच्छाको संरचना र अभिव्यक्तिलाई उत्पादन र व्यवस्थित गर्ने निश्चित किसिमको सामाजिक प्रक्रिया मानेका छन् । त्यस्तै कतिपयले कामेच्छा, संवेगात्मक सहभागिता र स्वच्छन्द सम्बन्धमा अल्पकालीन तथा दीर्घकालीन रूपमा देखापर्ने आत्मीयताका सन्दर्भबाट अर्थ्याएका छन् । फुकोको *हिस्ट्री अफ सेक्सुआलिटी (१७९६-१९०४)* को प्रकाशनपछि यौन, शरीर, यौनेच्छा, दमनजस्ता विषयहरूले सार्वजनिक रूप प्राप्त गर्नुका साथै यौनिकताका विषयमा सैद्धान्तिक आधार पनि तयार भयो । यसको परिणामस्वरूप समलैङ्गिकताको अध्ययनलाई अघि बढाउने अवसर प्राप्त भयो । यसरी पुरुष समलैङ्गिकता, महिला समलैङ्गिकता तथा सन्दिग्ध सिद्धान्तको अध्ययनकै सन्दर्भमा यौनिकतालाई लिन थालियो । यसमा द्वैतलिङ्गी, ट्रान्सजेन्डर (परिवर्तित लिङ्गी) र ट्रान्ससेक्सुअलको अध्ययन पनि समावेश भएपछि यौनिकता लैङ्गिक अध्ययनको एउटा सिद्धान्तका रूपमा स्थापित भयो (भट्टराई, २०७७ क, पृ. १३१) । सन्दिग्ध सिद्धान्तले

स्त्रीलिङ्गी र पुलिङ्गीभन्दा भिन्न, समाजले अस्वीकार गरेका, अप्राकृतिक तथा अनैतिक ठानेका, लिङ्गता अनिर्णित र सन्दिग्ध रहने वर्गको सोच, विचार र व्यवहारको व्याख्या-विश्लेषण गर्दछ र विषम लैङ्गिकताको एकोहोरोपनबाट मुक्ति खोज्दछ।

## ३.५ शरीर राजनीति

लैङ्गिक अध्ययनको अर्को एउटा विषय शरीर पनि हो । शरीरको निर्माण मूलत: भौतिक भए पनि शरीरलाई सामाजिक सांस्कृतिक प्रयोग र मूल्यका आधारमा हेर्ने काम लैङ्गिक समालोचनाले गरेको छ। शरीरको सुन्दरता, शरीरका आधारमा श्रम वा श्रमशक्ति र श्रमको मूल्य, महिला र पुरुषको शरीरको सौन्दर्यसम्बन्धी दृष्टि पनि सांस्कृतिक प्रकृतिका छन्। यसरी भौतिक शरीरलाई सामाजिक सांस्कृतिक रूप दिनु प्राकृतिक नभई सांस्कृतिक विषय हो। पुरुष र महिलाको आदर्श शरीर कस्तो हुनुपर्छ भन्ने दृष्टि भौतिक यथार्थ नभएर नितान्त सांस्कृतिक कुरा हो। लैङ्गिक अध्ययनका सन्दर्भमा शरीरका माध्यमबाट महिला तथा पुरुषप्रति बनाइने सांस्कृतिक धारणालाई शरीर राजनीतिका तात्पर्यमा लिइन्छ। लैङ्गिक अध्ययनले शरीरलाई जीववैज्ञानिक तथ्यको साटो सामाजिक दार्शनिक मान्यता दिने परम्परागत चिन्तनको विरोध गर्दछ र महिलाको शरीर पुरुषको नियन्त्रण वा अधीनमा राख्ने परम्परालाई तोड्नुपर्ने विचार/मान्यता प्रकट गर्दछ (भट्टराई, २०७७ क, पृ. १३४) । यस प्रकार शरीरको शोषण-दमन, हिंसा, नियन्त्रण वा अधीनस्थताका कारण शरीर राजनीतिको विकास भएको हो। नारी शरीरलाई स्वभाव, यौन मान्यता आदिका आधारमा विवेचन गर्दा वस्तुसरह बिक्री हुने र नहुने मान्यताभित्र नारी शरीरको उपयोग गरिएको पाइन्छ (पौड्याल, २०७७, पृ. २८५) । महिलाको शरीर पुरुषको शोषण-दमन, हिंसा, नियन्त्रण वा अधीनस्थताबाट मुक्त भई महिलाकै अधिकारमा हुनुपर्दछ भन्ने कुरा शरीर राजनीतिको विषय हो। नारीलाई पुरुषका दाँजोमा कम ज्यालामा काम लगाउनुलाई पनि शरीर राजनीतिसँग सम्बद्ध गरेर हेरिएको पाइन्छ (घर्ती, २०८१, पृ. ८९) । लैङ्गिक आन्दोलनले अरू विविध किसिमका आन्दोलन र मान्यताहरूलाई सामाजिक सांस्कृतिक तथा आर्थिक पक्षसँग सम्बद्ध गर्दछ ; परन्तु शरीर राजनीतिअन्तर्गत शरीरलाई चाहिँ वैयक्तिक विषयका रूपमा परिभाषित गरेको छ। शरीर राजनीतिको सम्बन्ध उपभोक्ता संस्कृतिको वर्चस्वसँग पनि छ। वर्तमान उपभोक्तावाद विज्ञापनमा आधारित छ र विज्ञापन एजेन्सी तथा सञ्चार माध्यमले महिलाको आदर्श तथा उपयुक्त शरीरको प्रदर्शन गर्ने गरेका छन्। पछिल्लो चरणमा नारीवादीहरूले शरीर प्रदर्शनको विरोध पनि गरेका छन्। यस प्रकार विज्ञापन एजेन्सी र सञ्चारका साधनहरूले विज्ञापनका माध्यमबाट गर्ने शोषणको विरोध पनि लैङ्गिक अध्ययनको विषय बनेको छ। शरीरमाथिको आफ्नो अधिकार स्वतन्त्रताको विषय भएकोले अरूको शोषणबाट शरीर मुक्त रहनुपर्छ (भट्टराई, २०६८, पृ. २६९) भन्ने लैङ्गिक अध्ययनको मान्यता रहेको छ।

## ३.६ लैङ्गिक विभेद

प्राकृतिक रूपमा नारी र पुरुषमा जीववैज्ञानिक बाहेक अन्य भिन्नता नभए पनि जन्मनासाथ भिन्न व्यवहारको प्रारम्भ गरिन्छ। भूमिका, पोसाक, जिम्मेवारी, आचरण आदिका माध्यमबाट असमान व्यवहार थोपर्दै एक पक्षलाई सामाजिक, आर्थिक, सांस्कृतिक, राजनैतिक, शैक्षिक आदि कुरामा प्रोत्साहित गर्ने र अर्को पक्षलाई निरुत्साहित गर्ने परम्परा बनाइन्छ। यसरी कुनै वर्गको मानिसलाई अरू वर्गका मानिसका तुलनामा धर्म, जाति, वर्ण, राष्ट्रियता, शारीरिक वा मानसिक क्षमता तथा लैङ्गिकताका आधारमा पक्षपातपूर्ण व्यवहार गर्नु नै विभेद हो। पुरुष र महिलामा सामाजिक, सांस्कृतिक तथा आर्थिक व्यवहारमा गरिने भिन्न व्यवहार नै लैङ्गिक विभेद हो। पितृसत्तात्मक समाजमा पुरुष तथा महिलासँगको परम्परागत व्यवहारले नै लैङ्गिक विभेदको पुष्टि गर्दछ। यस्तो समाजमा पुरुषलाई सक्रिय र महिलालाई निष्क्रिय, पुरुषलाई आक्रामक र महिलालाई सहनशील, पुरुषलाई विवेकी र महिलालाई भावनात्मक, पुरुषलाई सबल र महिलालाई

दुर्बल, पुरुषलाई स्वतन्त्र र महिलालाई आश्रित, पुरुषलाई दृढ तथा कठोर र महिलालाई उदार तथा कोमल, पुरुषलाई अत्यधिक कामुक र महिलालाई कम कामुक, पुरुषलाई यान्त्रिक र महिलालाई कलात्मक, पुरुषलाई प्रतिस्पर्धात्मक र महिलालाई समन्वयात्मक, पुरुषलाई प्रभुत्वशाली र महिलालाई अधीनस्थ, पुरुषलाई तथ्यपरक र महिलालाई सहज-स्वाभाविक, पुरुषलाई अस्तव्यस्त/फोहोरी र महिलालाई सफा/चिटिक्क, पुरुषलाई सहायक र महिलालाई निर्णायक इत्यादि रूपमा चित्रण गर्ने गरिएको पाइन्छ (भट्टराई, २०७७ क, पृ. १३५) । यसरी समाजमा लैङ्गिक भेदभाव गर्ने मूल्य-मान्यता नै विकसित गरी त्यसलाई नैतिक/वैध बनाइएको हुन्छ। सामाजिक तथा सांस्कृतिक रूपमा महिलामाथि विभेद सिर्जना गर्नका निम्ति नै उपर्युक्त किसिमको दृष्टिकोण विकसित गरिएको देखिन्छ।

### ३.७ पहिचान

लैङ्गिक अध्ययनको केन्द्रीय विषय पहिचान हो। पहिचान धार्मिक, जातीय, लैङ्गिक, भाषिक, राष्ट्रिय, संस्थागतलगायतका धेरै परिप्रेक्ष्यहरूबाट साथसाथै निर्देशित हुन्छ (उप्रेती, २०६८, पृ. २७६)। नारीवादी आन्दोलनको तेस्रो धारसँगै पहिचानको खोजीका साथै यसको सैद्धान्तिक पक्षको अनुसन्धान प्रारम्भ भएको हो । पहिचानबाट नै समाज तथा समाजका अन्य पक्षसँग मानिसको सम्बन्धको ज्ञान प्राप्त गर्न सकिन्छ । यसरी पहिचान भनेको व्यक्तिको सामाजिक पहिचान हो र यसकै आधारमा व्यक्तिले समाजमा आफ्नो स्थान प्राप्त गर्छ। पहिचान पनि लिङ्ग, जाति, फरक क्षमता आदिमा विभाजित भएको हुन्छ परन्तु सबै प्रकारका मानिसहरू एकत्रित भएपछि व्यष्टि पहिचान समष्टि पहचानमा परिवर्तित हुन्छ। यस्तो समष्टि पहिचान साझा पहिचान बन्छ र व्यक्ति पहिचानका सापेक्षतामा शक्तिशाली पनि हुन्छ। प्रारम्भमा पहिचानको स्वरूप व्यक्तिगत स्तरको रहे पनि यसले सामाजिक स्वरूप लिएपछि लैङ्गिक अध्ययन र प्रतिनिधित्वको आधार बन्दछ (भट्टराई, २०७७ क, पृ. १४०)। नारीवादको प्रवर्तन सामूहिक अन्तर्क्रियाबाट भएको हो र यो स्वयं पहिचान पनि हो। पहिचान भनेको वास्तवमा त्यस्तो अनुभवगत तथा विषयगत अवधारणा हो जसले समूह र त्यसका सदस्यहरूको साझा धारणाको निर्माणमा महत्त्वपूर्ण भूमिका खेल्दछ। लैङ्गिक दमन तथा शोषण र महिला हिंसा तथा अधीनस्थता पनि लैङ्गिक अध्ययनका आधारहरू हुन्।

## ४. विमर्श र परिणाम

उपन्यासकार हृदयचन्द्रसिंह प्रधानको 'एकचिहान' उपन्यासमा अष्टनारान, शिवनारान, लतमाया, नानीथकुँ, रञ्जनादेवी, डाक्टर गोदत्तप्रसाद, सुरमान सुब्बा, रामबहादुर, पुननारान, हर्षनारान, हाकुमाया, सिन्तली, पुतली तथा केही छिमेकीहरू पात्रका रूपमा आएका छन्। यी पात्रहरूमध्ये डाक्टर गोदत्तप्रसाद र सुरमान सुब्बा पितृसत्तात्मक पारिवारिक सत्ता सम्बन्धमा रहेका पात्रहरू हुन् भने अष्टनारान, शिवनारान, लतमाया, नानीथकुँ, पुननारान, हर्षनारान, हाकुमाया, सिन्तली, पुतली प्रगतिशील पारिवारिक सत्ता सम्बन्धका पात्रहरू हुन्। रञ्जनादेवी पितृसत्तात्मक पारिवारिक सत्ता सम्बन्धमा रहे पनि उनमा उदार नारीवादी चेतना पाइन्छ भने रामबहादुर आर्थिक रूपमा निम्नवर्गीय पात्र भए पनि उसमा पितृसत्तात्मक सामन्ती सोचको गहिरो प्रभाव देखिन्छ। अष्टनारानको परिवारमा प्रगतिशील पारिवारिक सत्ता सम्बन्ध देखिए पनि ऊ जीवित रहुन्जेल उसकै केन्द्रीय भूमिका रहेको र उसको मृत्युपछि शिवनारानको केन्द्रीय भूमिका रहेको तथा परिवारको सबै सामाजिक, आर्थिक तथा सांस्कृतिक क्रियाकलापमा पुरुषकै प्रभुत्व रहेको हुँदा महिलाहरूको अवस्था अधीनस्थ नै रहेको देखिन्छ। यसरी उपन्यासमा पुरुषको प्रभुत्वका कारण महिलाहरू अधीनस्थ रहेकाले लैङ्गिक भूमिका असमान रहेको छ।

### ४.१ लैङ्गिक सम्बन्ध

*एकचिहान* उपन्यासमा लैङ्गिक सम्बन्ध प्रथमत: विपरीत लिङ्गी पारिवारिक सम्बन्धका रूपमा देखापरेको छ। विपरीत लिङ्गी पारिवारिक सम्बन्धको कुरा गर्दा अष्टनारान र लतमाया, शिवनारान र हाकुमाया, पुननारान र सिन्तली, हर्षनारान र पुतली, रामखेलावन र नानीथकुँ, डाक्टर गोदत्तप्रसाद र रञ्जनादेवीको सम्बन्ध पतिपत्नीगत सम्बन्धका रूपमा देखा परेको छ । अष्टनारान र नानीथकुँका बिचको सम्बन्ध बाबुछोरीको सम्बन्धका रूपमा रहेको छ भने लतमाया र शिवनारान, पुननारान तथा हर्षनारानका बिचको सम्बन्ध आमाछोराको सम्बन्धका रूपमा देखा परेको छ । शिवनारान, पुननारान तथा हर्षनारान तीनभाइसँगको नानीथकुँसँगको सम्बन्ध दाजुबहिनीको पारिवारिक सम्बन्ध हो । नानीथकुँको डाक्टर गोदत्तप्रसादसँगको सम्बन्ध परिवारिक सम्बन्ध नभएर प्रेमसम्बन्ध हो । परन्तु नानीथकुँमा देखा परेको यो सम्बन्ध यौवन अवस्थामा देखा पर्ने अपरिपक्व र भावुक प्रेम भए पनि केही स्वाभाविक देखिन्छ भने डाक्टर गोदत्तप्रसादको प्रेम वास्तविक प्रेम नभएर वासना, बदमासी र बेइमानीपूर्ण सम्बन्धका रूपमा देखा पर्छ । सुरमान सुब्बाले नानीथकुँलाई आफ्ना घरमा भित्र्याउन गरेको जालभेल तथा षड्यन्त्र अनमेल विवाह र बहुविवाहजस्तो असमान लैङ्गिक सम्बन्धका साथै परम्परागत सामन्ती सम्बन्धका रूपमा देखिन्छ ।

*एकचिहान* उपन्यासमा लैङ्गिक सम्बन्ध सामाजिक सांस्कृतिक सम्बन्धका रूपमा पनि देखापरेको छ। यस दृष्टिकोणबाट हेर्दा यस उपन्यासमा पारिवारिक सत्ताले २००७ सालपछिको लैङ्गिक सम्बन्धको चित्रण गरेको छ । २००७ सालपछिका सङ्क्रमणकालीन नेपाली समाजका दुई प्रवृत्ति यस *एकचिहान* उपन्यासमा देखिएका छन् । अष्टनारान र शिवनारानको परिवारमा प्रगतिशील पारिवारिक सत्ता सम्बन्ध देखा परेको छ (भट्टराई, २०७७ ख, पृ. १९४) भने सुब्बा सुरमान र डाक्टर गोदत्तप्रसादको परिवारमा पितृसत्तात्मक पारिवारिक सत्ता सम्बन्ध देखा परेको छ । शिवनारानको घरमा महिला पुरुषको अधीनस्थताको अवस्था रहे पनि पितृसत्ताको बन्धन खुकुलिँदै गएको छ । शिवनारानको परिवारमा लतमाया र नानीथकुँले खाना पाकेपछि आफूले पहिल्यै खान सक्ने स्वतन्त्रता प्राप्त गरेका छन् भने पछि खानुपर्दा खाना नपुग्ने हुँदा पुरुषहरूभन्दा पछि खानुपर्ने चलनलाई बुहारीहरूले अन्यायी चलन ठानेका छन् । परिवारमा खानपिन लगायतका व्यवहारमा थोरै मात्र भए पनि देखिएको यस्तो परिवर्तनले पारिवारिक सत्तामा आएको स्वतन्त्र लैङ्गिक चिन्तनलाई बल पुऱ्याउनुका साथै लैङ्गिक समताको सङ्केत पनि गरेको छ (भट्टराई, २०७७ ख, पृ. १९४) । पति पत्नीको सम्बन्धका सन्दर्भमा पनि पत्नीलाई तमाखु नभराएर आफै भरेर खाने, पारिवारिक काममा सरसहयोग र सुविधा दिने, सेवाटहल नगराउने, आफ्ना लुगासमेत फुर्सदमा आफै धुनेजस्ता कुराले शिवनारानले पत्नीलाई दासीका रूपमा नहेरी जीवन साथीका रूपमा हेरेको पुष्टि गर्दछन् । शिवनारानले विभिन्न घरायसी विषय र समस्यामा पत्नीसँग सल्लाह लिने, आमा र बहिनीलाई पनि छलफलमा सहभागी गराउने र अन्तर्जातीय विवाहलाई पनि सहजै स्वीकार गर्नुका साथै बुहारीहरूलाई गर्ने सम्मानजनक व्यवहारले पनि पारिवारिक सत्ता सम्बन्धको प्रगतिशील पक्षलाई प्रस्तुत गरेको छ (भट्टराई, २०७७ ख, पृ. १९४) । यसरी शिवनारानको परिवारमा केही प्रगतिशील पारिवारिक सत्ता सम्बन्ध देखिन्छ ।

सुब्बा सुरमान र डाक्टर गोदत्तप्रसादको परिवारमा शिवनारानको परिवारभन्दा विपरीत पितृसत्तात्मक पारिवारिक सत्ता सम्बन्ध देखिन्छ । सुब्बा सुरमान आफू ५७ वर्षको प्रौढ तथा घरमा पत्नी र छोराछोरी भएर पनि बिस वर्षकी नानीथकुँमाथि आँखा लगाउँछ । घरमा पत्नी र सन्तान हुँदाहुँदै अन्य युवतीसँग वासनात्मक सम्बन्ध कायम गर्न चाहने गोदत्तप्रसादको पनि पारिवारिक लैङ्गिक सम्बन्ध उत्पीडनकारी छ । रञ्जनादेवीले सचेत/सावधान गराउँदा गराउँदै पनि अरूमाथि कुदृष्टि राख्ने गोदत्तप्रसादको क्रियाकलापले उसको पारिवारिक सत्ताको सम्बन्ध पितृसत्तात्मक रहेको

पुष्टि गर्दछ । यसरी यस उपन्यासमा उपन्यासकारले लैङ्गिक विभेदलाई पुरुष र महिलाका बिचको लैङ्गिक सम्बन्धका माध्यमबाट पनि व्यञ्जित गरेका छन् ।

## ४.२ महिलाको लैङ्गिक भूमिका

*एकचिहान* उपन्यासमा सामान्यतः पुरुषको भूमिका नै वर्चस्वशाली रहेको देखिन्छ । अष्टनारानको परिवारमा ऊ जीवित रहुन्जेल उसकै केन्द्रीय भूमिका रहेको छ भने उसको मृत्युपछि शिवनारानको केन्द्रीय भूमिका रहेको छ । परिवारको सबै सामाजिक, आर्थिक तथा सांस्कृतिक क्रियाकलापमा पुरुषकै प्रभुत्व रहेको हुँदा महिलाहरूको अवस्था अधीनस्थ रहेको देखिन्छ । सामाजिक तथा पारिवारिक विषयमा अष्टनारानले दिएको मन्तव्य पनि छोराहरूप्रति नै सम्बोधित छ र लतमाया तथा नानीथकुँ निष्क्रिय एवं तटस्थ स्रोता मात्र बनेका छन् । अष्टनारानले छोराहरूलाई सम्बोधन गर्दै 'जे दुःख सहेर भए पनि यी अबला दुई जनालाई खुवाइराख' भन्छन् । यस कथनबाट तत्कालीन सामन्ती पितृसत्तात्मक समाजबाट उत्पादित लैङ्कक विभेदमूलक चिन्तनबाट अष्टनारान पनि मुक्त देखिँदैन । त्यस्तै 'अझ तिमीहरू जे भए पनि छोराहरू हौ, कर्तव्य नछाड' भन्ने अष्टनारानको भनाइले उसको पितृसत्तात्मक सोचलाई अझ प्रस्ट पार्छ । यस भनाइले लतमाया र नानीथकुँको समग्र अस्तित्व पनि आफ्नो मृत्युपनि छोराहरूमै आश्रित मान्ने पुरुषप्रधान चिन्तनलाई व्यञ्जित गरेको छ । यसरी उपन्यासको प्रारम्भमा नै केही प्रगतिशील मानिने परिवारमा समेत पुरुषहरूकै हातमा सामाजिक-आर्थिक प्रभुत्व रहेको कुरा प्रस्तुत गरी उपन्यासकारले तत्कालीन समाजको पुरुषकेन्द्री लैङ्गिक भूमिकाको चित्रण गरेका छन् (भट्टराई, २०७७ ख, पृ. १९५) । अष्टनारानको अवसानपछि परिवारको नेतृत्व लतमायाले नगरेर जेठो छोरो शिवनारानले गरेको छ र लतमाया पनि छोराकै निर्देशनमा चलेकी छ । शिवनारान केही प्रगतिशील विचारको मान्छे भएको हुँदा आमा लतमाया, बहिनी नानीथकुँ र बुहारीहरू प्रत्यक्ष शोषणमा नपरे तापनि महत्त्वपूर्ण पारिवारिक जिम्मेवारीबाट वञ्चित छन् । आमा लतमाया पनि शिवनारानले खटाएको आधारमा घरको काममा सक्रिय भएकी छ । यसो भए तापनि ऊ पुरुषप्रधान समाजमा महिलामा पाइने पितृसत्तात्मक भूमिकामा पनि देखा परेकी छे । सुरमान सुब्बाको मान्छे रामबहादुरका षड्यन्त्रपूर्ण कुराका प्रभावमा परेर आफ्नी बिस वर्षकी छोरी नानीथकुँको विवाह सन्ताउन्न वर्षको सुरमान सुब्बासँग गर्न तयार हुन्छे । ग्राम्सीका अनुसार बुर्जुवाली हैकमवादले आफ्नो शोषण गरेको कुरा जनताले थाहै पाउँदैन, सामान्य ठान्छ (गौतम, २०७५, पृ. ४३) । लतमायाले पनि सुरमान सुब्बाको मान्छे रामबहादुरका षड्यन्त्रपूर्ण कुरालाई सकारात्मक रूपमा लिएकी छे । रामबहादुरको 'छोराहरूसित सल्लाह गरेर आफ्नो हक नगुमाऊ' भन्ने सल्लाहको प्रतिरोध गर्न नसक्नुका साथै बिस वर्षकी छोरी नानीथकुँलाई सन्ताउन्न वर्षको सुरमान सुब्बालाई सुम्पन तयार भएकी हुँदा उसले आफ्नो भूमिका पूरा गर्न सकेकी छैन ।

शिवनारानको परिवारको पारिवारिक वातावरण तत्कालीन समाजका सापेक्षतामा केही प्रगतिशील भएका कारण नानीथकुँको सामाजिक भूमिका केही स्वतन्त्र छ । ऊ आफ्नो समाजका मानिसहरूसँग बोल्न, कुराकानी गर्न तथा ख्यालठट्टा गर्न स्वतन्त्र छे । परन्तु त्यो स्वतन्त्रताले गलत तथा उग्र रूप लिन थालेपछि भने ऊ नियन्त्रणमा पर्छे । दाजुहरूको नियन्त्रणमा रहेका कारण नानीथकुँ आफ्नो निर्णय आफै लिन सक्ने र त्यस निर्णयको सफलता-असफलता तथा गुण-दोषको उत्तरदायी/जिम्मेवारी पनि आफै हुनसक्ने स्वतन्त्र अवस्थामा छैन । पितृसत्तात्मक पारिवारिक ढाँचामा परिवारका ज्येष्ठ पुरुष सदस्यहरूबाट स्वतन्त्र भूमिका प्राप्त गर्न मुश्किल हुने कुरा नानीथकुँको पारिवारिक भूमिकाको स्थितिबाट स्पष्ट हुन्छ । नानीथकुँ शिवनारान तथा अन्य दाजुहरूझैं स्वतन्त्र नभएर घरायसी कामधन्दा, चुलाचौको तथा तान बुन्ने काममा नै सीमित छे । नानीथकुँ परिवारका ज्येष्ठ सदस्यको स्वीकृतिविना नै डाक्टर गोदत्तप्रसादको घरमा

पुग्नु र डाक्टर गोदत्तप्रसादकी श्रीमती रञ्जनादेवीले आफ्नो घरमा बोलाउन मान्छे पठाउँदा गोदत्तप्रसादले बोलाएको ठानी परिवारका सदस्यहरूबाट बँचेर सुटुक्क रञ्जनादेवीका घरमा पुग्नुलाई पनि उसले गर्न खोजेको विद्रोहका रूप मान्न सकिन्छ (भट्टराई, २०७७ ख, पृ. १९६) । यति हुँदाहुँदै पनि नानीथकुँ यस उपन्यासमा स्वतन्त्र भूमिकाविहीन छे अर्थात् स्वतन्त्र भूमिकामा छैन र उसको सामाजिक तथा पारिवारिक भूमिका घरआँगन, चुलोचौको तथा तानमा नै सीमित रहेको देखिन्छ ।

शिवनारानकी पत्नी हाकुमायाको भूमिका लतमाया र नानीथकुँको भन्दा केही फरक देखिन्छ । उसको भूमिका घरआँगन तथा चुलोचौकोबाट विस्तारित भएर खेतसम्म पुगेको छ भने घरका कतिपय समस्याको समाधान तथा निर्णयमा पनि सल्लाहकारको भूमिका रहेको पाइन्छ । शिवनारानकी पत्नी तथा घरकी जेठी बुहारी भएकाले पनि यस उपन्यासका अन्य नारीपात्रभन्दा हाकुमायामा अवसरको प्राप्ति पनि बढी नै देखिन्छ । यसो भए पनि शिवनारानका तुलनामा हाकुमायाको भूमिका परिमित/सीमित नै हुनुका साथै घरका सबै समस्या तथा आर्थिक, सामाजिक तथा सांस्कृतिक निर्णयमा शिवनारानको नै प्रभुत्व रहेको छ (भट्टराई, २०७७ ख, पृ. १९६) । अतः हाकुमायाको पारिवारिक लैङ्गिक भूमिका पनि असमान नै रहेको देखिन्छ ।

*एकचिहान* उपन्यासमा अन्य नारी पात्रहरूको तुलनामा रञ्जनादेवीको भूमिका अलि बढी सक्रिय र महत्त्वपूर्ण रहेको छ । आफ्नो लोग्ने गोदत्तप्रसादको अनैतिकता, बेइमानी तथा बदमासीको भण्डाफोर गरी उसलाई सत्य मार्गमा ल्याउने उसको प्रयास प्रभावकारी रहेको छ । तत्कालीन समयमा इन्टरमिडिएट/प्रवीणता प्रमाणपत्र तहसम्म अध्ययन गरेकी सचेत र शिक्षित रञ्जनादेवीको भूमिका परिवारभित्र मात्र सीमित छैन । रञ्जनादेवीले गोदत्तप्रसादसँगको कथित प्रेममा लट्ठिएकी नानीथकुँलाई सम्झाउने प्रयत्न गरेकी छे जसको परिणामस्वरूप नानीथकुँले नारी अस्मिताको बोध गर्दै स्वअस्मिताको खोज गर्न थालेकी छे । गोदत्तप्रसादले आफ्नो कामवासनाको तृप्तिका लागि गरेका अनैतिक प्रयास र प्रेमको नाटकको षड्यन्त्रबाट नानीथकुँलाई बँचाउने काममा रञ्जनादेवीको महत्त्वपूर्ण भूमिका रहेको छ । रञ्जनादेवी स्वयं शिक्षित तथा सचेत नारी हुनुका साथै लैङ्गिक सन्दर्भमा उसको पृथक् किसिमको भूमिका रहे पनि उसमा पनि विद्रोही चेतनाको अभाव देखिन्छ । उसले दुष्ट, चरित्रहीन तथा षड्यन्त्रकारी गोदत्तप्रसादका विरुद्ध विद्रोह नगरी उसलाई सुध्रिने अवसर दिएको भन्दै पतिकै रूपमा स्वीकार गरी सँगै बसेकी छे (भट्टराई, २०७७ ख, पृ. १९७) । पुरुषको प्रभुत्व/आधिपत्यका कारण महिलाहरू अधीनस्थ रहेकाले यस उपन्यासमा लैङ्गिक भूमिका असमान रहेको देखिन्छ ।

## ४.३ पितृसत्तात्मक शोषण

*एकचिहान* उपन्यासमा तत्कालीन नेपाली समाजमा विद्यमान घरेलु हिंसाका विविध रूपहरूलाई प्रस्तुत गरिएको छैन तथापि पितृसत्तात्मक यौन शोषणको स्वरूपलाई भने सशक्त रूपमा चित्रण गरिएको छ । यस उपन्यासमा तत्कालीन समाजको पितृसत्तात्मक यौन शोषणको प्रमुख स्वरूप डाक्टर गोदत्तप्रसादको चरित्रका माध्यमबाट व्यञ्जित गरिएको छ । बिस वर्षकी ग्रामीण युवती नानीथकुँको स्वाभाविक सौन्दर्यबाट आकर्षित भएपछि डाक्टर गोदत्तप्रसादले उससँग सम्बन्ध बढाएको छ । पहिला शुल्क पाएपछि मात्र विरामी जाँच्ने डाक्टर गोदत्तप्रसाद नानीथकुँको जवानी र रूपलावण्य देखेर पहिला निको नै गरूँ भन्दै पैसाविना नै अष्टनारानको उपचार गर्न थाल्दछ र समय-समयमा आफैँ आएर विरामीको जाँच तथा रेखदेख गर्छ । यसरी उसको व्यवहार फेरिनुको कारण उसको नानीथकुँप्रतिको कुदृष्टि नै हो । शिवनारानले अष्टनारानसँग डाक्टर गोदत्तप्रसादले फिस नलिने कुरा गर्दा अष्टनारान झन् सशङ्कित हुँदै “त्यसो भए झन् डरलाग्दो कुरा छ बाबु !” भन्छ । यस भनाइबाट अष्टनारानका दृष्टिमा डाक्टर गोदत्तप्रसाद धुर्त र कुटिल भएको कुरा स्पष्ट हुन्छ ।

शिवनारानको "उनी गिद्धे दृष्टि राखेर हामीकहाँ पसेका हुन् । उनको धूर्त नीतिलाई सहानुभूति र सहयोग सम्झेर उनलाई देवता देखिरह्यौँ ।" भन्ने भनाइले डाक्टर गोदत्तप्रसादको यही धुर्त्याइँ तथा कुदृष्टिलाई सङ्केत गरेको छ । नानीथकुँ महिलालाई पुरुषको वासनापूर्तिको साधन वा खेलौँना ठान्ने गोदत्तप्रसादको नारीप्रतिको दृष्टिकोणको सिकार बनेकी छे । पहिल्यै पैसा नलिई विरामीको उपचार नै नगर्ने डाक्टर गोदत्तप्रसाद अनावश्यक रूपमा शिवनारानको घरमा घण्टौँ बसेर नानीथकुँको मनलाई आकर्षित गर्ने प्रयत्न गर्छ । नानीथकुँको सोझोपनको फाइदा लिँदै प्रेमको अभिनय गरेर आकर्षित गर्नुको उद्देश्य सिर्फ यौन शोषण गर्नु रहेको छ । गोदत्तप्रसादले नानीथकुँलाई भगाएर कुनै गोप्य ठाउँमा रखौटी बनाएर राख्ने योजनामा रहेको कुरा उसको निम्न कथनबाट पुष्टि हुन्छ :

> "तिमीलाई बोलाउन आएको आज, त्यसमा पनि अहिले साइत निकै बेस छ रे ! सब बन्दोबस्त ठिकठाक भइसकेको छ, अर्कै एउटा राम्रो र गुप्त घरमा । त्यहाँ तिमीले कुनै कुराको फिक्री र नमज्जा मान्नुपर्ने छैन । रेडियोलगायतको व्यवस्था मिलाइसकेको छु" ।

रञ्जनादेवीले राम्रोसँग सम्झाएपछि नानीथकुँमा केही परिवर्तन आएको देखिन्छ । शिवनारानको हप्कीदप्की, परिवारका अन्य सदस्यहरूको सल्लाह-सुझाव तथा हर्षनारान र पुतलीको विवाहको प्रसङ्गका कारण नानीथकुँमा नवीन दृष्टिको विकास भएको देखिन्छ । यसरी जीवनमा आफूले गरेको गल्ती महसुस हुन थालेको बेला गोदत्तप्रसादको जालझेल, दबाव र षडयन्त्रमा परेर अपहृत भई बलात्कृत भएको घटनाले महिलाहरू पुरुषका कारण यौनजन्य हिंसाको सिकार हुनुपरेको कुरा देखाएको छ (भट्टराई, २०७७ ख, पृ. १९८) । गोदत्तप्रसादले नानीथकुँलाई कालिकास्थानको घरको कोठामा बन्धक बनाएर महिनादिनसम्म बलात्कार गर्नाले गर्भ रहेको घटनाबाट उपन्यासमा पितृसत्तात्मक समाजमा हुने गरेका दारुण यौनहिंसाको चित्र प्रस्तुत गरिएको छ ।

अष्टनारानका माध्यमबाट उपन्यासमा वैवाहिक विषयलाई स्वतन्त्र विषयका रूपमा प्रस्तुत गरिएको छ । उपन्यासमा परम्परागत विवाहका विरुद्ध विद्रोहस्वरूप नेवारको छोरो हर्षनारान र तामाङकी छोरी पुतलीका बिच वैवाहिक सम्बन्ध कायम गराइएको छ । उपन्यासमा गोदत्तप्रसाद र सुरमान सुब्बाको सन्दर्भका माध्यमबाट बहुविवाह र अनमेल विवाहका कारण सिर्जना हुने पारिवारिक झगडा, विखण्डन र पीडाको चित्रण गरिएको छ । नारीलाई काम गर्ने मेसिन वा वासनापूर्तिको साधनका रूपमा घरमा भित्र्याउने सामन्ती विवाहप्रति असहमति जनाउँदै यस्तो विवाहका विरुद्ध नारीहरूले नै विद्राहे गर्नुपर्ने सन्देश दिइएको छ । उपन्यासमा आफ्नो चाहना तथा अभिरुचिका आधारमा आफूलाई मन परेको व्यक्ति रोजेर विवाह गर्ने स्वतन्त्रता हुनुपर्ने कुरा औँल्याइएको छ । आडम्बर, फोस्रो धाकरवाफ, धनसम्पत्ति, जातभातका आधारमा पारिवारिक वा सामाजिक करकापका आधारमा सम्पन्न गरिने विवाहले नारीमाथि अन्याय हुने कुरा औँल्याउँदै लैङ्गिक स्वतन्त्रतासम्बन्धी दृष्टिकोण प्रस्तुत गरिएको छ । उपन्यासमा अनमेल विवाहप्रति असहमति प्रकट गरिएको छ । शिवनारान र उनको परिवारको गोदत्तप्रसादसँगको द्वन्द्व र सुरमान सुब्बासँगको सङ्घर्षको प्रमुख कारण नै अनमेल विवाहप्रतिको असहमति हो । मेलयुक्त विवाहप्रति उपन्यासकार सकारात्मक रहेको कुरा हर्षनारानको पुतलीसँग भएको प्रेम विवाह र रामखेलावन राउतसँग भएको नानीथकुँको विवाहबाट पुष्टि हुन्छ (भट्टराई, २०७७ ख, पृ. १९९) । यसरी उपन्यासले विवाहका सन्दर्भमा पुरुष र महिलाको समतामा जोड दिएको छ ।

उपन्यासमा वानात्मक प्रेमका विरूद्ध प्रतिरोधका निम्ति शिवनारान, रञ्जनादेवी, हर्षनारान आदि चरित्रहरूको सिर्जना गरी आदर्श प्रेमको महत्ता प्रस्तुत गरिएको छ । शिवनारान विशुद्ध रूपमा आदर्श प्रेमको पक्षमा भएको हुँदा उसले रामबहादुरको सुरमान सुब्बाका सन्दर्भको प्रस्तावलाई खारेज गरिदिएको छ । त्यसरी नै उसले डाक्टर गोदत्तप्रसादको

कथित प्रेमलाई चोरी वा बदमासी भनेको छ। शिवनारान जातीय सङ्कीर्णता तथा रुढिमुक्त प्रेमको पक्षमा रहेको देखिन्छ। रञ्जनादेवीले डाक्टर गोदत्तप्रसादको प्रेममा आसक्त नानीथकुँलाई साँचो प्रेमको मूल्य र महत्ताका विषयमा बताउँदै सामाजिक मर्यादा, शिष्टाचार र अनुशासनको निश्चित सीमाभित्र रहेको प्रेमलाई मात्र प्रेम मान्न सकिने कुरा बताएकी छ (पौडेल, २०३९, पृ. ६७) । उपन्यासमा हर्षनारान र पुतलीका बिचको प्रेम र विवाहका माध्यमबाट प्रस्तुत गरिएको छ। उनीहरूले दुवैले एक-अर्कालाई मन पराउँछन् ; प्रेम गर्छन् र विवाह पनि गर्छन्। विशेष गरी छोरी र प्रायः छोराहरूलाई समेत आफ्नो जीवनसाथी रोज्न पाउने स्वतन्त्रताबाट वञ्चित गरिएको लैङ्गिक विभेदयुक्त तत्कालीन सामाजिक परिप्रेक्ष्यमा त्यो अधिकारको सन्दर्भ ल्याएर उपन्यासमा लैङ्गिक समानताको कुरालाई सशक्त रूपमा उठाइएको छ।

## ४.४ नारीचेतना

*एकचिहान* उपन्यासमा रञ्जनादेवीका माध्यमबाट नारीवादी सञ्चेतना पनि व्यञ्जित भएको छ। रञ्जनादेवीले त यौनजन्य गलत आचरण र क्रियाकलापको उद्घाटन गर्नुका साथै नारीवादी चेतनाको अभिव्यक्ति पनि गरेकी छे। आफ्नो पतिलाई माया गर्नुका साथै उसका गलत क्रियाकलापका विरुद्ध सङ्घर्ष गर्ने रञ्जनादेवीका दृष्टिमा पतिपत्नी जीवनका सहयात्री हुन् र उनीहरू एकअर्काको अधिकारको वस्तु नभएर असल तथा इमान्दार मित्र बन्न सक्नुपर्छ। रञ्जनादेवीका कथनमा लैङ्गिक समता तथा समतामुखी नारीवादी दृष्टि अभिव्यक्त भएको हुँदा यस उपन्यासमा उदार नारीवादी चेतना व्यञ्जित भएको मान्न सकिन्छ। यो लैङ्गिक समताको दृष्टिकोण उसको निम्नलखित अभिव्यक्तिमा व्यञ्जित भएको छ :

> लोग्ने मानिस र स्वास्नी मानिसको यही परस्परको सम्बन्ध, सहयोग, मेल र समन्वयले नै सृष्टि अगाडि बढिरहेको छ र संसारमा प्रगति आइरहेको छ। हामीलाई उनीहरू चाहिन्छन् र उनीहरूलाई हामीहरू चाहिन्छौं, यो होइन भनी कसैले भन्न सक्दैन । अझ चाहिन्छ मात्र होइन, अनिवार्य छ र एकविना अर्को एकदम अपूर्ण छ तर यसको माने यो पनि होइन, हामीहरू उनीहरूको भोगको निम्ति र उनीहरू हाम्रा भोगका निम्ति हुन्।

महिला र पुरुष समान हुन् । मानिस भनेको कुनै भोग्य वस्तु वा भौतिक सम्पत्ति नभएको हुँदा कोही कसैको भोगविलासको साधन होइन । पुरुष र महिला केवल एक अर्काको हृदयलाई जितेर हार्दिक रूपमा एकअर्काका मालिक बन्न सक्छन्। पुरुष र महिलाको परस्पर एकत्वमा प्रभुत्वको कुरा नै रहँदैन भन्ने रञ्जनादेवीको दृष्टिकोण उपन्यासमा यसरी व्यञ्जित भएको छ :

> डाक्टर साहेब मेरो मालिक हुनुहुन्छ, त्यस्तै म पनि उहाँकी मालिक हुँ । सृष्टि संसार चलाउन तथा उन्नति उजिल्याउनका निम्ति मैले उहाँको प्रभुत्व मानेर आफूलाई उहाँको हक भनिदिएकी छु, त्यस्तै उहाँले मेरो प्रभुत्व स्वीकार गरेर आफूलाई मेरो हक मान्नु भएको छ । यही एकअर्काको अनन्यता नै सुख र शान्तिको व्यवस्था हो, विधान हो ।

रञ्जनादेवीका अधिकांश भनाइमा नारीवादी सञ्चेतना व्यञ्जित भएको छ। उसका अनुसार स्वास्नीमान्छेले आफ्नो जीवन केवल पुरुषको भोगका निम्ति अर्पनु हुँदैन । नारी केवल कुनै लोग्ने मानिसको भोगका निम्ति जन्मेका होइनन्। हरेक स्वास्नी मान्छेले दुनियाँ भरका प्राणी अथवा मानिस मात्रको हित गर्न नसके पनि कम से कम स्वास्नीमान्छे मात्रको इज्जत र गौरवको त ख्याल राख्न सक्नुपर्छ। नारीको चरित्रको रक्षा नारीले नै गर्नुपर्छ र नारीको महत्त्व नारीले नै बढाउनुपर्छ। रेमन्ड बिलियम्सका अनुसार निश्चित अर्थ र मूल्य संवहन गर्नु र व्यक्त गर्नुमै खास जीवनपद्धतिको महत्ता निहित हुन्छ (पाण्डेय, २०७८, पृ. ४७) । यस उपन्यासकी पात्र रञ्जनादेवीका अधिकांश भनाइ र व्यवहारमा

खास जीवनपद्धतिका निश्चित अर्थ र मूल्य संवहन गरिएको पाइन्छ । उपन्यासमा उपन्यासकारको नारीवादी दृष्टि पनि मूलतः रञ्जनादेवीका माध्यमबाट र गौणतः शिवनारान लगायतका अन्य पात्रहरूका माध्यमबाट अभिव्यक्त भएको छ । रञ्जनादेवीको कथनको प्रभावले नानीथकुँमा पनि नारी अस्मिता र पहिचानको विकास भएको छ । त्यसैको परिणामस्वरूप उसले नारीजातिलाई गिराएर, खसाएर आफूले समाजलाई नरकमा लैजान थालेको र अब आफू नारी जातिको कलङ्क नबन्ने कुरा गर्छे । उसले 'मलाई अब नारीत्वको महत्त्व थाहा भएर आयो ; अब म नारीत्त्व गिराउन चाहन्नँ' भन्दै डाक्टर गोदत्तप्रसादसँगको सम्बन्धलाई तिरस्कार गरेकी छे ।

*एकचिहान* उपन्यासमा शिवनारानको व्यवहार र विचारले पनि नारीवादी सञ्चेतनालाई संवहन गरेको छ । उसले सुरमान सुब्बा र डाक्टर गोदत्तप्रसादसँग नानीथकुँको विवाह गर्दिने कामलाई अपराध ठान्दै अनमेल विवाह तथा बहुविवाहको विरोध गरेको छ । ग्राम्सीका अनुसार समाजमा प्रभुत्व कायम गर्दै आएको शोषक वर्ग आफ्नो प्रभुत्व कायम राख्न आफ्नो समस्त संयन्त्रको प्रयोग गर्छ भने उत्पीडित वर्ग वा समुदायले पनि शोषक वर्गको प्रभुत्वविरुद्धको प्रभुत्व कायम गर्न बौद्धिक-सांस्कृतिक क्षेत्रको भूमिकालाई प्रभावकारी बनाउने प्रयत्न गर्छ (बराल, २०७७, पृ. ९९-१००) । शिवनारानले पनि सुरमान सुब्बा र डाक्टर गोदत्तप्रसादको प्रभुत्वविरुद्ध आफ्नो बौद्धिक-सांस्कृतिक भूमिकालाई यथासम्भव प्रभावकारी बनाउने प्रयत्न गरेको छ । डाक्टर गोदत्तप्रसादले अपहरण गरेर लगेकी नानीथकुँलाई भेट्दा नानीथकुँले आफू दोजिया (गर्भवती) भइसकेको बताउँछे । त्यस अवस्थामा उसले बहिनीप्रति नरम र सन्तुलित व्यवहार देखाएको छ । उसले बलात्कारका कारण रहेको गर्भबाट नारीको सतीत्व तथा नारीत्व नष्ट नहुने विचार व्यक्त गरेको छ । उसका विचारमा बलात्कारको अवस्थामा सतीत्व तथा नारीत्व नष्ट भयो भन्नुको तात्पर्य बदमासको बदमासी, बर्बरता र जबर्जस्तीलाई प्रोत्साहन गरी सतीत्व तथा नारीत्वलाई धमिल्याउनु मात्र हो । शिवनारानको यस्तो अभिव्यक्तिबाट बलात्कृत नारीहरूको सतीत्व तथा नारीत्व नष्ट हुँदैन ; बलात्कार महिलाका विरुद्ध हुने जघन्य सामाजिक अपराध हो र यसका विरुद्ध सशक्त विद्रोह गर्नपर्छ भन्ने लेखकीय दृष्टिकोण व्यञ्जित भएको छ । बलात्कृत भइसकेकी बहिनीलाई बलात्कारीको बन्धनबाट मुक्त गराई बिहे गरिदिएको कुराले शिवनारानको नारीवादी सञ्चेतना देखाउनुका साथै नानीथकुँजस्ता महिलाका पक्षमा आवाज उठाएर नारीको अस्मिता र पहिचानको रक्षा गर्नुपर्ने कुराको आवश्यकता उपन्यासमा व्यक्त गरिएको छ ।

## ५. निष्कर्ष

*एकचिहान* उपन्यासमा लैङ्गिक सम्बन्ध विपरीत लिङ्गी पारिवारिक सम्बन्धका साथै सामाजिक सांस्कृतिक सम्बन्धका रूपमा देखापरेको छ । शिवनारानको परिवारमा प्रगतिशील पारिवारिक सत्ता सम्बन्ध देखा परेको छ भने सुब्बा सुरमान र डाक्टर गोदत्तप्रसादको परिवारमा पितृसत्तात्मक पारिवारिक सत्ता सम्बन्ध देखा परेको छ । शिवनारानले विभिन्न घरायसी विषय र समस्यामा पत्नीसँग सल्लाह लिने, आमा र बहिनीलाई पनि छलफलमा सहभागी गराउने र अन्तर्जातीय विवाहलाई पनि सहजै स्वीकार गर्नुका साथै बुहारीहरूलाई गर्ने सम्मानजनक व्यवहारले पनि पारिवारिक सत्ता सम्बन्धको प्रगतिशील पक्षलाई प्रस्तुत गरेको छ । यस उपन्यासमा सामान्यतः पुरुषको भूमिका नै वर्चस्वशाली/प्रभुत्वशाली रहेको देखिन्छ । अष्टनारानको परिवारमा ऊ जीवित रहुन्जेल उसकै केन्द्रीय भूमिका रहेको छ भने उसको मृत्युपछि शिवनारानको केन्द्रीय भूमिका रहेको छ । परिवारको सबै सामाजिक, आर्थिक तथा सांस्कृतिक क्रियाकलापमा पुरुषकै प्रभुत्व रहेको हुँदा महिलाहरूको अवस्था अधीनस्थ रहेको देखिन्छ । यस उपन्यासमा अन्य नारी पात्रहरूको तुलनामा रञ्जनादेवीको भूमिका अलि बढी सक्रिय र महत्त्वपूर्ण रहेको छ । गोदत्तप्रसादको प्रेमको नाटकको षड्यन्त्रबाट नानीथकुँलाई बँचाउने काममा रञ्जनादेवीको महत्त्वपूर्ण भूमिका रहेको छ । परन्तु स्वयं शिक्षित तथा सचेत नारी भए पनि उसमा पनि विद्रोही

चेतनाको अभाव देखिन्छ । उसले दुष्ट, चरित्रहीन तथा षड्यन्त्रकारी गोदत्तप्रसादका विरुद्ध विद्रोह नगरी उसलाई सुधि्रने अवसर दिएको भन्दै पतिकै रूपमा स्वीकार गरी सँगै बसेकी छे । यसरी पुरुषको प्रभुत्वका कारण महिलाहरू अधीनस्थ रहेकाले यस उपन्यासमा लैङ्गिक भूमिका असमान रहेको देखिन्छ ।

*एकचिहान* उपन्यासमा तत्कालीन पितृसत्तात्मक यौनशोषणको स्वरूपलाई डाक्टर गोदत्तप्रसादको चरित्रका माध्यमबाट व्यञ्जित गरिएको छ । गोदत्तप्रसादले नानीथकुँलाई कालिकास्थानको घरको कोठामा बन्धक बनाएर महिनादिनसम्म बलात्कार गर्नाले गर्भ रहेको घटनाबाट पितृसत्तात्मक समाजमा हुने गरेका दारुण यौनहिंसाको चित्र प्रस्तुत भएको छ । उपन्यासकार अनमेल विवाहप्रति असहमत र मेलयुक्त विवाहप्रति सहमत देखिन्छन् । उक्त कुरा शिवनारानको गोदत्तप्रसादसँगको द्वन्द्व तथा सुरमान सुब्बासँगको सङ्घर्ष र हर्षनारानको पुतलीसँग भएको प्रेम-विवाह र रामखेलावन राउतसँग भएको नानीथकुँको विवाहबाट पुष्टि हुन्छ । यसरी उपन्यासले विवाहका सन्दर्भमा पुरुष र महिलाको समतामा जोड दिएको छ । उपन्यासमा हर्षनारान र पुतलीका बिचको प्रेम र विवाहका माध्यमबाट विशेष गरी छोरी र प्रायः छोराहरूसमेत आफ्नो जीवनसाथी रोज्न पाउने स्वतन्त्रताबाट वञ्चित रहेको तत्कालीन लैङ्गिक विभेदयुक्त सामाजिक परिप्रेक्ष्यमा लैङ्गिक समानताको कुरालाई सशक्त रूपमा उठाइएको छ । यस उपन्यासमा रञ्जनादेवीका भनाइहरूबाट लैङ्गिक समता तथा समतामुखी उदार नारीवादी दृष्टि अभिव्यक्त भएको छ । उपन्यासमा शिवनारानको व्यवहार र विचारले पनि नारीवादी सञ्चेतनालाई संवहन गरेको छ । उसले सुरमान सुब्बा र डाक्टर गोदत्तप्रसादसँग नानीथकुँको विवाह गर्दिने कामलाई अपराध ठान्दै अनमेल विवाह तथा बहुविवाहको विरोध गरेको छ । बलात्कृत भइसकेकी बहिनीलाई बलात्कारीको बन्धनबाट मुक्त गराई बिहे गरिदिएको कुराले शिवनारानको नारीवादी सञ्चेतना देखाउनुका साथै नानीथकुँजस्ता महिलाका पक्षमा आवाज उठाएर नारीको अस्मिता र पहिचानको रक्षा गर्नुपर्ने कुराको आवश्यकतासमेत औंल्याएको छ ।

## सन्दर्भ सामग्रीसूची


उप्रेती, सञ्जीव (२०६८), *सिद्धान्तका कुरा,* काठमाडौँ : अक्षर क्रियसन्स नेपाल ।

गौतम, कृष्ण (२०५०), *आधुनिक आलोचना, अनेक रूप अनेक पठन,* काठमाडौँ : साझा प्रकाशन ।

गौतम, कृष्ण (२०६४), *उत्तरआधुनिक जिज्ञासा,* काठमाडौँ : भृकुटी एकेडेमिक पब्लिकेसन्स् ।

गौतम, कृष्ण (२०६७), *उत्तरआधुनिक संवाद,* काठमाडौँ : भृकुटी एकेडेमिक पब्लिकेसन्स् ।

गौतम, कृष्ण (२०७५), *मार्क्सवाददेखि उत्तरमार्क्सवादसम्म,* काठमाडौँ : भृकुटी एकेडेमिक पब्लिकेशन्स् ।

घर्ती, दुर्गाबहादुर (२०८१), *सांस्कृतिक अध्ययन,* काठमाडौँ : इन्डिगो इन्क प्रा.लि.।

त्रिपाठी, सुधा (२०६७), *नारीवादको कठघरामा नेपाली साहित्य,* ललितपुर : साझा प्रकाशन ।

त्रिपाठी, सुधा (२०६९ क), *नेपाली उपन्यासमा नारीवाद,* काठमाडौँ : भृकुटी एकेडेमिक पब्लिकेसन्स ।

त्रिपाठी, सुधा (२०६९ ख), *नारीवादी सौन्दर्य चिन्तन,* काठमाडौँ : भृकुटी एकेडेमिक पब्लिकेसन्स ।

पाण्डेय, ताराकान्त (२०७८), *मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र,* ललितपुर : साझा प्रकाशन ।

पौडेल, हीरामणि शर्मा (२०३९), *समालोचनाको बाटोमा,* पर्वत : इन्दिरा शर्मा पौड्याल ।

पौड्याल, षडानन्द, (२०७७), *नेपाली आख्यानमा शरीर राजनीति,* काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

प्रधान, हृदयचन्द्रसिंह (२०५६), *एक चिहान,* ललितपुर : साझा प्रकाशन ।

बराल, ऋषिराज (२०५६), *उपन्यासको सौन्दर्यशास्त्र,* ललितपुर : साझा प्रकाशन ।

बराल, ऋषिराज (२०७७), *मार्क्सवाद र सबाल्टर्न अध्ययन, (दोस्रो संस्क.),* ललितपुर : साझा प्रकाशन ।

भट्टराई, रमेशप्रसाद (२०७७ क), *सांस्कृतिक (वर्गीय, लैङ्गिक र जातीय) अध्ययनको सिद्धान्त र नेपाली सन्दर्भ,* काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

भट्टराई, रमेशप्रसाद (२०७७ ख), *आधुनिक नेपाली उपन्यासको सांस्कृतिक (वर्गीय, लैङ्गिक र जातीय) विश्लेषण,* काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

शर्मा, मोहनराज (२०५५), *समकालीन समालोचना सिद्धान्त र प्रयोग,* काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।